# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त संस्था)

निलकण्ठ-३, धादिङ्बेसी, धादिङ्, नेपाल, फोनः ०१०-५२०७६१, ५२०८७६
E-mail : info@nationalmicrofinance.com.np, Website: www.nationalmicrofinance.com.np

को

## संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

**आवेदन पेश गर्ने शुरु मिति : २०७८/३/३ गते**
**आवेदन पेश गर्ने अन्तिम मिति : २०७८/३/१० गते**

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको जम्मा ७८,१५० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.१,०२२/- (एक हजार बाइस रुपैयाँ) मा बिक्री गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति **२०७८ साल आषाढ १० गते** भित्र बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । उल्लेखित शेयरका लागि विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई मिति २०७७/१२/३१ देखि २०७८/२/३ गतेसम्म लिलामको सूचना प्रकाशित गरि ३५ दिनको समय दिईसकिएको समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

**बिक्री गरिने संस्थापक शेयर : ७८,१५० कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ ।
३. प्रति शेयर न्यूनतम मूल्य रु..१,०२२/- (एक हजार बाइस रुपैयाँ) तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर “**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**” उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईविएल एस क्यापिटल लिमिटेडको नाममा कुमारी बैंक लि., बानेश्वर, काठमाडौंमा रहेको खाता नं. ०१८००६८५९०७००००६ NIBL Ace Capital limited मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा Connect IPS बाट उक्त खातामा नगद जम्मा गरी सो को निस्सा संलग्न गरी वा "NIBL Ace Capital Limited" को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
७. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।
८. सबैभन्दा पहिले विद्यमान संस्थापकहरुलाई पहिलो प्राथमिकता दिई बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा अन्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरु बीच बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरी बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरी समायोजन गरिनेछ । बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ र कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन ।
९. कम्पनीका साविकका शेयरधनीहरुले आवेदनमा आफ्नो शेयरधनी नम्बर/हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
११. शेयरको आवेदन मिति २०७८/३/१० गते कार्यालय समयभित्र श्री एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा दर्ता भई सक्नुपर्नेछ ।
१२. बोलपत्र मिति २०७८/३/११ गते बिहान ११:०० बजे एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको बिहान ११:०० बजे खोलिनेछ ।
१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१४. निवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।
१६. कम्पनीबाट स्वीकृति आए पश्चात् शेयर खरीद बिक्री गर्नको लागि एनआईविएल एस क्यापिटल लिमिटेडले तोकेको शेयर दलाल मार्फत कारोबार गरिने छ ।
१७. बाँडफाँटमा परेको बोलपत्रदाताहरुको शेयर खरीद बिक्री गर्दा खरिदकर्ताको तर्फबाट तिर्नुपर्ने शेयर दलाल कमिशन तथा अन्य शुल्कहरु खरिदकर्ताले नै व्यहोर्नुपर्नेछ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**बिक्री प्रबन्धक:**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com